राष्ट्रिय दैनिक

# समाचार दैनिक

जनकपुर

Email: sdainik99@gmail.com
Website www.esamachardainik.com

विज्ञापनको लागि सम्पर्क
९८५४०२०९२२
९८५४०२५१६४

वर्ष ७ अंक २६८ २०८३ वैशाख १९ गते शनिवार (2 May. 2026) पृष्ठ ४ मूल्य रू. ३।-

## मधेससहित विभिन्न क्षेत्रमा हावाहुरी र चट्याङको जोखिम



दैनिक समाचारदाता

जनकपुरधाम, १८ वैशाख । देशभरको मौसममा बदली भएसँगै सातै प्रदेशका विभिन्न जिल्लामा हल्का वर्षा भइरहेको छ ।

पश्चिमी तथा स्थानीय वायुको प्रभावका साथै नेपाल नजिकैको तल्लो वायुमण्डलमा विकसित न्यून चापीय क्षेत्रका कारण देशका विभिन्न भागमा मेघगर्जन, चट्याङ, हावाहुरी र असिनासहित मध्यम वर्षाको सम्भावना रहेको मौसम पूर्वानुमान महाशाखाले जनाएको छ ।

महाशाखाका अनुसार मौसममा आएको फेरबदलका कारण सर्वसाधारणलाई आवश्यक सतर्कता अपनाउन आग्रह गरिएको छ। विशेषगरी मधेस प्रदेशका पर्सा, बारा, रौतहट र सर्लाही आसपासको भारतीय क्षेत्रमा मेघगर्जन, चट्याङ र हावाहुरीसहित वर्षा गराउने शक्तिशाली प्रणाली विकसित भइरहेको जनाइएको छ। उक्त प्रणाली उत्तर-पूर्व दिशातर्फ सरिरहेकोले ती जिल्ला तथा आसपासका क्षेत्रमा उच्च सतर्कता अपनाउनुपर्ने अवस्था रहेको महाशाखाले जनाएको छ ।

हाल लुम्बिनी प्रदेशमा पूर्ण बदली रहेको छ भने गण्डकी, कर्णाली, सुदूरपश्चिम, कोशी र बागमती प्रदेशका पहाडी तथा हिमाली भू-भागमा सामान्यदेखि आंशिक बदली रहेको छ ।

त्यस्तै, लुम्बिनी प्रदेशका केही स्थान तथा गण्डकी र कर्णाली प्रदेशका थोरै स्थानमा मेघगर्जन र चट्याङसहित हल्का वर्षा भइरहेको छ। देशका अन्य भू-भागमा पनि आंशिक बदलीको अवस्था रहेको मौसमविद्हरूले बताएका छन् ।

वर्षासँगै आउने सम्भावित हावाहुरी, चट्याङ तथा असिनाले जनजीवन प्रभावित हुन सक्ने भएकाले सतर्क रहन महाशाखाले अनुरोध गरेको छ ।

# बजेट निर्माणमा मधेस सरकारको नयाँ रणनीति

दैनिक समाचारदाता

जनकपुरधाम १८ वैशाख । मधेस प्रदेश सरकारले आगामी आर्थिक वर्षको बजेट निर्माण प्रक्रिया तीव्र बनाएको छ । प्रदेश अर्थ मन्त्रालयले विभिन्न मन्त्रालयसँग आवश्यक योजना तथा कार्यक्रमको विवरण माग गर्दै बजेट तयारीलाई गति दिएको हो ।

यसपटक प्रदेश सरकारले विगतका अनुभवलाई आधार मानेर बजेटको आकार घटाउने रणनीति अपनाएको छ। हरेक वर्ष आयस्रोतको यथार्थ मूल्याङ्कन नगरी अनुमानका आधारमा ठूलो आकारको बजेट ल्याउँदा कार्यान्वयनमा समस्या देखिएको, बजेट घाटा बढेको तथा धेरै योजना अधुरै रहने अवस्था दोहोरिएकाले व्यावहारिक र कार्यान्वयनयोग्य बजेट निर्माणमा जोड दिइएको हो ।

प्रदेशका अर्थमन्त्री महेश यादवले बजेट निर्माणका लागि सम्बन्धित मन्त्रालयहरूमा बजेट सीमा निर्धारण प्रक्रिया अघि बढाइएको जानकारी दिए। उनका अनुसार आगामी बजेट खर्च गर्न सकिने र परिणाममुखी योजनामा केन्द्रित हुनेछ ।




चालु आर्थिक वर्षका लागि मधेस सरकारले करिब ४७ अर्ब रुपैयाँ बराबरको बजेट ल्याएको थियो। तर आगामी आर्थिक वर्षका लागि बजेटको आकार घटाएर बढीमा ३२ अर्ब रुपैयाँभित्र सीमित गर्ने तयारी गरिएको अर्थमन्त्री यादवले बताए ।

उनले बजेटको आकारभन्दा पनि कार्यान्वयनको प्रभावकारितालाई प्राथमिकता दिइने स्पष्ट पारे। रातोपाटीसँग कुरा गर्दै उनले भने, "आगामी बजेटमा साना तथा टुक्रे योजनालाई निरुत्साहित गरिनेछ। प्रदेश सरकारले सम्पन्न गर्न सक्ने ठूला र मझौला योजनालाई मात्रै प्राथमिकतामा राख्ने नीति लिएको छ।"

उनका अनुसार कम्तीमा एक करोड रुपैयाँभन्दा माथिका योजनालाई मात्रै बजेटमा समावेश गर्ने तयारी भइरहेको छ ।

प्रदेश अर्थ मन्त्रालयका सचिव रामकुमार महतोले प्रदेश आर्थिक कार्यविधि नियमावलीअनुसार प्रारम्भिक राजस्व प्रक्षेपण संघीय अर्थ मन्त्रालय तथा वित्त आयोगसमक्ष पेस गरिसकिएको जानकारी दिए। बजेट मार्गदर्शन र बजेट सीमाको मस्यौदा तयार भइसकेको तथा त्यसबारे आवश्यक छलफल प्रक्रिया पनि सुरु गरिएको उनले बताए ।

छलफल सम्पन्न भएपछि आगामी सातादेखि मन्त्रालयहरूलाई बजेट सीमा पठाइने तयारी रहेको मन्त्रालयले जनाएको छ ।

यसैबीच, स्थानीय तहसँगको अन्तरवित्तीय हस्तान्तरण प्रणालीमा पनि परिवर्तन गर्ने तयारी गरिएको छ। विगतमा स्थानीय तहलाई सिधै अनुदान रकम विनियोजन गर्दा योजना कार्यान्वयनमा ढिलाइ, अपारदर्शिता तथा भुक्तानीमा समस्या देखिएकाले आगामी आर्थिक वर्षदेखि नयाँ प्रणाली लागू गर्ने तयारी भएको हो ।

अब स्थानीय तहबाटै योजना प्रस्ताव माग गरी ती योजनालाई प्रदेश बजेटमा समावेश गरिनेछ। योजना कार्यान्वयन स्थानीय तहले नै गर्ने भए पनि भुक्तानी प्रक्रिया प्रदेश सरकारमार्फत हुने गरी नीति बनाउने तयारी भइरहेको अर्थमन्त्री यादवले बताए। मधेस सरकारले यसपटक बजेट निर्माणमा पारदर्शिता, व्यावहारिकता र परिणाममुखी कार्यान्वयनलाई केन्द्रमा राखेको जनाएको छ। बजेटको आकार सानो भए पनि प्रभावकारी कार्यान्वयनमार्फत विकास निर्माणलाई गति दिने सरकारको दाबी छ ।

## रोल्पा जिप दुर्घटनामा मृत्यु हुने २० जनाको सनाखत



रुकुम, १८ वैशाख । रोल्पाको जलजलामा बिहीबार भएको बोलेरो जिप दुर्घटनामा ज्यान गुमाउने २० जनाकै पहिचान खुलेको छ। जिल्ला प्रहरी कार्यालय रोल्पाका प्रहरी नायब उपरीक्षक (डीएसपी) वीरेन्द्रकुमार विश्वकर्माले दुर्घटनामा मृत्यु भएकाहरूको सनाखत सम्पन्न भएको जानकारी दिएका छन् ।

वैशाख पूर्णिमाको अवसरमा लागेको मेलामा सहभागी हुन गएका यात्रु बोकेको लु १ ज ४१६७ नम्बरको बोलेरो जिप बिहीबार दुर्घटनामा परेको थियो। दुर्घटनामा रुकुम पूर्वको सिस्ने गाउँपालिका-५ टाकुरा, भूमे गाउँपालिका तथा दाङको घोराही उपमहानगरपालिका-१५ रतनपुरका स्थानीयको ज्यान गएको प्रहरीले जनाएको छ ।

दुर्घटनामा एक जना घाइते भएका छन्। घाइते समीर कामी सिस्ने गाउँपालिका-५ का रहेको र उपचारपछि घर फर्किसकेको प्रहरीले जनाएको छ ।

प्रहरीका अनुसार हाल दुर्घटनास्थलबाट शव निकालेर परिवारजनलाई बुझाउने काम भइरहेको छ ।


दुर्घटनामा मृत्यु हुनेहरूमा सिस्ने गाउँपालिका-५ टाकुराका गोर्खबहादुर बुढाथोकी (३२), तिलकुमारी बुढाथोकी (५३), युवा बुढाथोकी (२८), दिव्यन बुढाथोकी (१०), सृजना बुढाथोकी (२४), सुदीप बुढाथोकी (१३), ओमकुमारी बुढाथोकी (४०), मीना कामी (६०), लक्ष्मी शाह (६०) र रुक्मिणा बस्नेत रहेका छन् ।

यस्तै, भूमे गाउँपालिका-५ रुकुम पूर्वका टेकप्रसाद बुढामगरको पनि दुर्घटनामा मृत्यु भएको छ ।

दाङको घोराही उपमहानगरपालिका-१५ रतनपुरका दोरपती जिसी (५४), तिला जिसी (३२), जेनिस जिसी (७), जेनिसा जिसी (१२), एलिना जिसी (२५), संयोग जिसी (७) तथा घोराही-१३ का यमबहादुर जिसीको पनि दुर्घटनामा ज्यान गएको प्रहरीले जनाएको छ ।

यसैगरी, शान्तिनगर दाङकी धनमाया विष्ट, जो हाल सिस्ने-५ मा बसोबास गर्दै आएकी थिइन्, र बोलेरो चालक बेदु कामी (४२) को पनि दुर्घटनामा मृत्यु भएको छ ।


अब अनलाइनबाट बुकिङ्को सुविधा




- पाठेघरको असामान्य रक्तस्राव
- इन्डोमेट्रिओसिस
- रजोनिवृत्ति
- पिल्भिक दुखाइ
- डिस्मेनोरिया (पीडादायी महिनावारी)
- पीडादायी यौनसम्पर्क
- स्त्री रोग तथा प्रसुती सम्बन्धी रोग
- बाल रोग
- बाँझपनको उपचार
-दुखाई बिनाको सुत्केरी

को लागि उपचार गराउन चाहनुहुन्छ भन्ने अनलाइनबाटै बुकिङ्को लागि
www.divyaclinicjanakpur.com

वरिष्ठ चिकित्सकहरु




दिव्या क्लिनिक एण्ड डाइग्नोष्टिक सेन्टर
जनकपुरधाम उपमहानगरपालिका वडा नं. १०,
Phone :9861147201

नैना होस्पिटल प्रा.लि.
जनकपुरधाम उपमहानगरपालिका वडा नं. ८ रामानन्द चौक,
Phone :977041 591035
9801674020




# 'राजा शिवाजी' नेपालमा पनि प्रदर्शन

मुम्बई। बलिउड अभिनेता रितेश देशमुखको ड्रिम प्रोजेक्ट' मानिएको फिल्म 'राजा शिवाजी' आज (शुक्रबार)बाट नेपालमा पनि प्रदर्शनमा आएको छ। फिल्मको नेपालका लागि आधिकारिक वितरक नेओम फिल्म्सका कश्यप नरेन्द्र वेद र नवीन उदासले फिल्म नेपालमा उच्च शो सहित प्रदर्शनमा आएको जानकारी दिए।

साहस, नेतृत्व र स्वराजका प्रतीक छत्रपति शिवाजी महाराजको जीवन र दृष्टिकोणको विषयमा फिल्म बनेको हो। फिल्म मराठा साम्राज्यका संस्थापक छत्रपति शिवाजी महाराजको जीवनमा आधारित छ।

फिल्मलाई अपभनेता रितेश आफैंले निर्देशन गरेका हुन् भने मुख्य भूमिकामा पनि उनी स्वयं देखिएका छन्। फिल्ममा रितेशका साथै जेनेलिया देशमुख, सञ्जय दत्त, विद्या बालन, अभिषेक बच्चन र महेश मान्जरेकर जस्ता दिग्गज कलाकारहरूको अभिनय छ।

विशेष कुरा त के छ भने, रितेशका कान्छा छोरा राहिल देशमुखले यस फिल्ममा छत्रपति शिवाजी महाराजको बाल्यकालको भूमिका निर्वाह गर्दै अभिनयमा डेब्यु गरेका छन्।

जियो स्टुडियोज, ज्योति देशपाण्डे र जेनेलिया डिसुजाले निर्माण गरेको फिल्म आगामी १०० करोड बढी भारतीय रुपैयाँमा निर्माण भएको हो। रितेश देशमुखले निर्देशन गरेको यसअघिको मराठी फिल्म 'वेड' व्यावसायिक रूपमा निकै सफल भएको थियो, जसका कारण 'राजा शिवाजी' प्रति दर्शकको ठूलो अपेक्षा रहेको छ।

## कोन, कत कहाँ ?

-सन्ध्या पाठक

लोक सब कहलक घर चैल जाऊ
आराम भेटत।
हम पुछै छी कोन घर
कत के घर, कहाँ के घर

कोन, कत, कहाँ ?
अई प्रश्न के उत्तर नै आयल।
तैयौं हम प्रश्न करै छी
कोन, कत, कहाँ ?॥

उ घर जैठमन राइत भैर
जाइग क परहला पर भोर
छ बजे नै बरका बात बैन जाइछैय ॥
या उ घर जैठमन अपना
सँ जेठ या छोट भाइ सँङ्गे
हइस क बात करनाई बरका
बात बैनजाइ छलैय ॥

हम पुछै छी, कोन घर, कत के घर, कहाँ के घर
ओ घर जैठमन खुशी सँ रहनाई
बरका बात बैइन जाइछलैय
या उ घर जत कोनामे नुकाक
कननाई बरका बात बैन जाई छलैय
हम पुछै छी कोन घर, कत के घर, कहाँ के घर ?

# सलमान खानको फिल्ममा राजपाल यादवको इन्ट्री

एजेन्सी

नयाँ दिल्ली। बलिउड अभिनेता राजपाल यादवले सलमान खान र नयनतारा अभिनित फिल्म 'एसभीसी ६३' को छायांकन सुरु गरेका छन्।



राजपालले फिल्ममा सलमानको राइट ह्यान्ड म्यानको भूमिका निर्वाह गर्ने खबर आएको छ। रिपोर्टअनुसार राजपालको चरित्र केवल सहायक नभएर कथाको सबैभन्दा जरुरी हिस्सामध्ये एक हो। निर्माताहरूले राजपाललाई यस भूमिकाको लागि सबैभन्दा उपयुक्त ठानेका अनि सलमानले पनि उनलाई उत्तम विकल्प मानेको बताइएको छ।

फिल्ममा राजपालको छायांकन मेमा सुरु हुने तालिका थियो, तर उनले समयभन्दा अगाडि नै छायांकन सुरु गरेका छन्। उनको चरित्र हास्यप्रधान हुनेछ, जसले फिल्मको गम्भीर एक्सन टोनमा हल्कापनको मनोरञ्जन थप्ने बताइएको छ। यो फिल्म अभिनेत्री नयनतारा, निर्देशक वाम्शी पैदिपल्ली र निर्माता दिल राजुसँग सलमानको पहिलो सहकार्य हो। अस्थायी रूपमा 'सीभीसी ६३' शीर्षक भएको यो फिल्म एक एक्सन थ्रिलर हुनेछ। यो २०२७ को इदमा रिलिज हुनेछ।

राजपाल यादव हालै अक्षय कुमार अभिनीत र प्रियदर्शन निर्देशित फिल्म 'भूत बंगला'मा देखिएका थिए। यो फिल्म २०२६ को अप्रिल १७ मा थिएटरमा रिलिज भएको थियो। हालै एउटा अवार्ड कार्यक्रममा राजपालको खिल्ली उडाइएपछि सलमानको समर्थनमा आएका थिए। समारोहमा राजपाल यादवले बढ्दो डलरको दरबारे बोलेका थिए। त्यस समय अवार्ड होस्ट गरिरहेका पत्रकार सौरभ द्विवेदीले र डलरको दर बढ्‌दो वा घट्दो उधारो लिएको रकम तिर्नुर्ने भन्दै चेक बाउन्स प्रकरणलाई लिएर राजपालको खिल्ली उडाएका थिए।

यसको भिडियो बाहिर आएपछि सलमानले आफ्नो आधिकारिक एक्स एकाउन्टमा एउटा पोस्ट सेयर गर्दै लेखे, 'राजपाल भाइ, तपाईं ३० वर्षदेखि काम गर्दै हुनुहुन्छ र हामी सबैले तपाईंलाई बारम्बार लिइरहन्छौं किनकि तपाईंलाई आफ्नो शिल्प थाहा छ र तपाईंले भ्याल्यु थप्नुहुन्छ। वास्तविकता यो हो कि तपाईंले प्रशस्त काम पाउनुहुनेछ र यही डलरको दरमा पाउनुहुनेछ।'

यसअघि चेक बाउन्स मुद्दामा आत्मसमर्पण गरेपछि राजपाल तिहाड जेलमा थुनिएका थिए। त्यतिबेला पनि सलमानले उनलाई आर्थिक सहयोग गरेको खबर आएको थियो।

## तपाईको आज

मेष : दिन शुभ फलदायक छ। कार्य सिद्धि, द्रव्य लाभ, विजय, काममा सफलता हुन सक्छ।

वृष : बिहान तनाव, दौडधुप भए पनि दिनभर सुख-सन्तोष, कार्य सिद्धि हुने सम्भावना छ।

मिथुन : बिहानको समयमा धनप्राप्ति, प्रतिष्ठा बढ्ला तर त्यसपछि भने विवाद नहोला भन्न सकिन्न।

कर्कट : शुरुमा तनाव, खर्च भए पनि दिनभर समय शुभ छ। ऐश्वर्य प्राप्ति, सन्तोष होला।

सिंह : बिहानको समय उपहारादि वस्तु प्राप्ति तर त्यसपछि खर्च, धन हानि हुने सम्भावना छ।

कन्या : दिनको शुरुवातमा नोक्सानी नहोला भन्न सकिन्न। त्यसपछि भने लाभ, सफलता होला।

तुला : शुरुमा मिष्ठान्न भोजन, पैसा प्राप्तिको सम्भावना छ तर त्यसपछि दिनभर तनाव होला।

वृश्चिक : दिन शुभ फलदायक छ। स्वस्थता, स्फूर्ति बढ्ने, इष्टमित्रसँग भेटघाट, लाभ हुन सक्छ।

धनु : समय बलवान् छ। मान-सम्मान, राजनीतिक सफलता, कामकाज सफल हुने देखिन्छ।

मकर : बिहान कार्य असफल भए पनि दिनभर राज्यबाट सुख, मान-प्रतिष्ठा वृद्धिको सम्भावना छ।

कुम्भ : शुरुमा समस्या सुल्झने, सम्मान बढ्ने तर त्यसपछि भने दुःख-कष्ट आइपर्न सक्छ।

मीन : तपाईंका लागि समय शुभ छ। परीक्षा, खेलकुद, मुद्दा आदिमा विजय, प्रतिष्ठा वृद्धि होला।

## आवश्यक टेलिफोन नम्बरहरू

### एम्बुलेन्स

| | |
|---|---|
| मिथिला युवा समाज नेपाल | ९८४४१०४३४४,०४१-५२८९०६ |
| श्री गणेश युवा कमिटी | ९८०१६२५४२४,९८५४०२७७०३ |
| श्री विश्वकर्मा युवा कमिटी | ९८१५८९४४९५,९८१२०९२४८५ |
| सिर्जनसिल युवा परिवार (वीरेन्द्र बजार) | ९८४४९९०५,९८०४८०५६४३ |
| माँ सहयोगी नेपाल (देवडिहा-१) | ९८०१६०४३८९ |
| नव मिथिला युवा कमिटी | ९८५४०२८३०३,९८०७८९९८८१ |
| मिथिला स्वास्थ्य सहकारी संस्था | ९८५४०२२४७४,९८०१६२२४७४ |
| रामानन्द युवा क्लव | ९८०४८२७४०५ |
| एम्बुलेन्स रेडक्रस | १०२,०४१-५२०८७० |
| मिथिलाञ्चल विकास केन्द्र एम्बुलेन्स | ९८१५८९३००५,०४१-५२५४४८ |
| धनुषा अस्पताल पा.लि. | ५२४७७०, ५२५८०० |

### प्रहरी कार्यालय

| | |
|---|---|
| जिल्ला प्रहरी कार्यालय | ०४१-५२००९९,१०० |
| सशस्त्र प्रहरी बल मुजेलिया | ०४१-५२७९०५,५२७२१३ |
| सुरक्षा गुल्म जनकपुर ब्यारेक | ०४१-५२६५८६ |
| ट्राफिक प्रहरी कार्यालय जिरोमाइल | ०४१-५२०३६६ |
| जानकी प्रहरी चौकी जानकी चौकी | ०४१-५२०३४४ |
| इलाका प्रहरी कार्यालय स्टेशन | ०४१- |
| मुजेलिया प्रहरी चौकी | ०४१-५२०७५० |
| हनुमान नगर प्रहरी चौकी | |
| प्रहरी चौकी बलवा टोल | |

### अस्पतालहरू

| | |
|---|---|
| जनकपुर अञ्चल अस्पताल | ०४१-५२००३३ |
| जिल्ला जनस्वास्थ्य कार्यालय | ०४१-५२०६२८, ५२६२७१ |
| धनुषा अस्पताल पा.लि. | ५९०८००, ५२५८०० |
| आँखा अस्पताल | ०४१-५२०३९७ |
| बछार प्रसुति केन्द्र | ५२२४५७ |

### महत्वपूर्ण कार्यालयहरू

| | |
|---|---|
| जनकपुर उपमहानगरपालिका | ०४१- |
| बरुण यन्त्र जउमनपा | ०४१-५२००११ |
| बस पार्क | ०४१-५२०९९८ |
| जनकपुर विमान स्थल | ०४१-५२००४४ |
| बुद्ध एयर | ०४१-५२५०२१, ५२५०२२ |
| यति एयर | ०४१-५२५००४७, ५२५०२२ |
| विद्युत फयुज शाखा | ०४१-५२०१५१ |
| जानकी केवुल | ०४१-५२३७२८ |
| शाह केबुल | ०४१-५२४७२२ |



# एक महिला दुई व्यक्तिबाट एकैपटक गर्भवती भएको दुर्लभ घटना

सन् २०१८ मा एक महिला आफ्ना दुईवर्षे जुम्ल्याहा छोराका बुवा को हुन् भनेर निधो गर्न न्याशनल यूनिभर्सिटी अफ कोलम्बियास्थित ल्याब्रटोरी अफ पप्युलेशन जनेटिक्स पुगिन्।

उक्त प्रयोगशालाले नियमित 'प्याटर्निटी टेस्ट' गऱ्यो र उक्त परीक्षण दोहोऱ्यायो। परिणाम निकै अचम्मलाग्दो भएकाले त्यहाँका विज्ञहरू पूर्णत: निश्चित हुन चाहन्थे। ती बच्चालाई एउटै आमाले जन्म दिएकी भए पनि उनीहरूका बुवा भने भिन्न थिए।

यो निकै दुर्लभ घटना हो। यसलाई 'हेटरोप्याटर्नल सूपर्फिकन्डेशन' भनिन्छ। विश्वभरिको वैज्ञानिक अभिलेखमा अहिलेसम्म यस्ता २० वटा घटना मात्र परेको देखिन्छ।

कोलम्बियाको उक्त विश्वविद्यालयका विज्ञहरूलाई यस्तो घटना सम्भव छ भन्ने सैद्धान्तिक ज्ञान थियो तर उनीहरूले आफैँले प्रत्यक्ष भने देखेका थिएनन्।

आफ्नै प्रयोगशालामा त्यस्तो घटना पुष्टि गर्ने प्रमाण आइपुगेपछि वैज्ञानिकहरूमा त्यसबारे चासो जाग्यो।



### *कसरी पत्ता लाग्यो*

पितृत्व परीक्षणका लागि उक्त प्रयोगशालाका वैज्ञानिकहरू 'माइक्रोस्याटलाइट मार्कर' भनिने प्रविधि प्रयोग गर्छन्।

सामान्य भाषामा भन्नु पर्दा उक्त प्रविधिमा बच्चा, आमा र बुवा भन्ठानिएको व्यक्तिबाट सङ्कलित डीएनएका ससाना टुक्राहरू विश्लेषण गरिन्छ र दाँजिन्छ।

"हामी प्रत्येक व्यक्तिको डीएनए लिएर माइक्रोस्याटलाइट भनिने १५ देखि २२ बिन्दुसम्म जाँच्छौँ अनि तिनलाई एकएक गरी दाँज्छौँ," उक्त प्रयोगशालाका निर्देशक प्रा विलिअम उसाकेनले बीबीसी मुन्डोसँग भने।

तर यो प्रक्रिया त्यति सरल भने छैन।



औंलामा घोचेर रगतको नमुना निकालेपछि वैज्ञानिकहरू एउटा रासायनिक प्रक्रिया गरेर रगतमा अन्य अवयवबाट निकै सानो मात्रामा डीएनए छुट्ट्याउँछन्।

त्यसपछि विशेष खालको उपकरणमा राखेर डीएनएको परिमाण बढाइन्छ।

त्यसबाट प्राप्त हुने तरल पदार्थलाई 'फ्लोरेसन्ट डाइ' अर्थात् विशेष खालको चम्किलो रङ्गसँग मिसाइन्छ। त्यसो गर्दा विश्लेषण गर्न लागिएका १५ देखि २२ वटा माइक्रोस्याटलाइट बिन्दुहरू चिह्नित हुन्छन्।

त्यसपछि प्रत्येक नमुनामा भएका माइक्रोस्याटलाइटहरू पहिचान गर्ने अर्को यन्त्रमा राखिन्छ। त्यसमा इलेक्ट्रफरेसिस भनिने प्रक्रिया सञ्चालन गर्दा माइक्रोस्याटलाइटहरू सङ्ख्यात्मक अनुक्रममा देखा पर्छन्।

ती सङ्ख्यात्मक अनुक्रमका आधारमा विज्ञहरूले डीएनएको नमुना जाँचिएको व्यक्ति र बच्चा बाबुछोरा हुन् कि हैनन् भनेर निर्क्योल गर्छन्।

बच्चाको आधा आनुवंशिक प्रोफाइल आमासँग मिल्छ। बाँकी आधा प्रोफाइल जुन पुरुषसँग मिल्छ त्यो व्यक्ति नै उसको बुवा भएको पुष्टि हुन्छ।

### *असाधारण परिणाम*

कोलम्बियाका जुम्ल्याहा बालकका सन्दर्भमा वैज्ञानिकहरूले उनीहरूको, उनीहरूकी आमाको र परीक्षणका लागि आएका अनि भन्ठानिएका व्यक्तिको डीएनएमा भएका १७ वटा माइक्रोस्याटलाइटको विश्लेषण गरेका थिए।

परीक्षणका क्रममा ती व्यक्तिको डीएनए जुम्ल्याहामध्येका एक बालकसँग मात्र मिल्यो अर्का बालकसँग मिलेन। यो परिणाम असाधारण थियो।

"म विगत २६ वर्षदेखि यो प्रयोगशालाको निर्देशक छु। अनि यो अहिलेसम्म हामीले देखेको पहिलो र एकमात्र घटना हो," उसाकेन भन्छन्।

"हामीले अरू रिपोर्टहरूमा यस्ता घटना हुने गरेको सुनेका थियौँ, तर विश्वभरि यसको सङ्ख्या निकै कम छ," वंशाणुशास्त्री आन्ड्रिया कासास भन्छिन्। उनी न्याशनल यूनिभर्सिटी अफ कोलम्बियाको इन्स्टिट्यूट अफ जनेटिक्ससँग आबद्ध अनुसन्धानकर्ता हुन्।

कुनै त्रुटि नभएको निश्चित गर्न प्रयोगशालाका प्राविधिकहरूले दोहोऱ्याएर परीक्षण र विश्लेषण गरे। फेरि पनि परिणाम उही आयो।

### *किन दुर्लभ*

संयुक्त राज्य अमेरिकाको बाल्टिमोरस्थित एउटा प्रयोगशालाका वैज्ञानिकहरूले सन् २०१४ मा प्रकाशित गरेको एउटा शोधपत्रका अनुसार ३९,००० वटा पितृत्व परीक्षणको डेटाबेसमा 'हेटरोप्याटर्नल सूपर्फिकन्डेशन'का तीन घटना मात्र पुष्टि भएका थिए।

उसाकिन यस्तो जैविक घटना किन दुर्लभ हुन्छ भनेर बताउँछन्।

"पहिलो, महिलाले दुई जनासँग सम्भोग गर्ने गरेको हुनुपऱ्यो। दोस्रो, उनले निकै छोटो समयावधिमा दुवै जनासँग सम्बन्ध राखेको हुनुपऱ्यो। त्यसबाहेक ृएउटै मासिक चक्रमा उनको शरीरमा एउटाभन्दा बढी डिम्ब बनेको हुनुपऱ्यो।"

"अनि दुइटै डिम्ब ृशुक्राणुबाटे निषेचित भएको हुनुपऱ्यो," उसाकेन भन्छन्। "एकपछि अर्को दुर्लभ घटना लगातार हुँदा मात्र यसो हुन सम्भव छ।"

भिन्न पुरुषबाट जन्मिने जुम्ल्याहाहरू कहिल्यै पनि उस्तै देखिँदैनन्।

### *व्यक्तिगत जीवन*

एउटै मासिक चक्रमा महिलाको शरीरमा एउटाभन्दा बढी डिम्ब बनेको छ र एउटा मात्रै निषेचित भएको छ भने बाँकी अरू डिम्बहरू चाँडै छिप्पिन्छन् र मर्छन्।

'सूपर्फिकन्डेशन हुन' अर्को डिम्ब सकुशल हुँदा नै त्यो निषेचित हुनुपर्छ। तर त्यो हतपत हुँदैन। त्यसैले पनि यो सूपर्फिकन्डेशनलाई दुर्लभ मानिन्छ।

यूएस न्याशनल लाइब्ररी अफ मेडिसिनका अनुसार डिम्ब डिम्बाशयबाट निस्किएको २४ घण्टाभन्दा कम समय मात्र जीवित रहन्छ। आन्ड्रिया कासासका अनुसार यद्यपि डिम्बहरू एकै समयमा निस्किन्छन् भन्ने छैन।

"कहिलेकाहीँ एउटा डिम्बाशयले एउटा डिम्ब निकाल्छ अनि दुई वा तीन दिनपछि अर्को," उनी भन्छिन्।

उनका अनुसार त्यो हुँदा यसबाट फरकफरक समयमा डिम्ब निषेचन हुने सम्भावना पनि बढ्छ।

अधिकांश मानिसहरूले प्याटर्निटी टेस्ट नगराउने भएकाले पनि हेटरोप्याटर्नल सूपर्फिकन्डेशनका घटनाहरू निकै न्यून सङ्ख्यामा पहिचान भएका छन्।

वैज्ञानिकहरू कस्तो परिस्थितिमा यस खालको गर्भधारण हुन्छ भनेर बुझ्न उत्सुक छन् तर अनुसन्धानसँग सम्बन्धित नैतिक विषयले गर्दा अरूको व्यक्तिगत जीवनबारे सोधखोज गर्न पाइँदैन।

"सम्बन्धित व्यक्तिहरूको गोपनीयता र सम्मानलाई ध्यान दिएर मात्रै प्याटर्निटी टेस्ट गरिन्छ," उसाकेन भन्छन्।

*साभार: बीबीसी/नेपाल*

# विविध कार्यक्रमसहित मनाइयो १३७औं अन्तर्राष्ट्रिय श्रमिक दिवस

दैनिक समाचारदाता

काठमाडौं १८ वैशाख । १३७औं अन्तर्राष्ट्रिय श्रमिक दिवस शुक्रबार देशभर विभिन्न कार्यक्रम आयोजना गरी मनाइएको छ । श्रमिकहरूको पेसागत मर्यादा, श्रमको सम्मान तथा अधिकार सुनिश्चितताको सन्देश दिँदै विभिन्न मजदुर संगठनहरूले र्‍याली, सभा तथा प्रदर्शन गरेका हुन् ।

हरेक वर्ष मे १ तारिखमा मनाइने यो दिवसलाई विश्वभरका मजदुरहरूले आफ्नो हक( अधिकार सुनिश्चित गराउन सरकार र रोजगारदातामाथि दबाब सिर्जना गर्ने अवसरका रूपमा लिने गरेका छन् । यसपटक पनि नेपालमा विभिन्न राजनीतिक दल निकट मजदुर संगठनहरूले छुट्टाछुट्टै कार्यक्रम आयोजना गरेका छन् ।




काठमाडौंमा विभिन्न ट्रेड युनियन तथा मजदुर संगठनहरूले र्‍यालीसहित कार्यक्रम गरेका थिए । नेपाल ट्रेड युनियन महासंघ (जिफन्ट) ले “कामको अधिकार, श्रमको सम्मान, सीपको अभिवृद्धि; प्रविधिसँग प्रगति(श्रमिकसँग समृद्धि” भन्ने नारासहित राजधानीमा प्रदर्शन गरेको छ । त्यस्तै, भक्तपुरमा नेपाल मजदुर किसान पार्टी (नेमकिपा) निकट मजदुरहरूले पनि र्‍याली निकाल्दै स्वदेशमै सम्मानजनक रोजगारीको ग्यारेन्टी गर्न सरकारसँग माग गरेका छन् ।

अन्तर्राष्ट्रिय श्रमिक दिवसको इतिहास सन् १८८६ मे १ मा अमेरिकाको सिकागो शहरबाट सुरु भएको मजदुर आन्दोलनसँग जोडिएको छ । त्यतिबेला मजदुरहरूले “आठ घण्टा काम, आठ घण्टा मनोरञ्जन र आठ घण्टा आराम” भन्ने नारासहित आन्दोलन गरेका थिए । सोही आन्दोलनको सम्झनामा हरेक वर्ष मे १ मा विश्वभर यो दिवस मनाउने परम्परा रहेको छ ।

नेपालमा भने विसं २००३ सालमा विराटनगरमा भएको श्रमिक आन्दोलन र त्यसपछिको राजनीतिक परिवर्तनसँगै श्रमिक दिवस मनाउन थालिएको हो । विसं २०४६ सालको राजनीतिक परिवर्तनपछि श्रमिक दिवसका अवसरमा सार्वजनिक बिदा दिन थालिएको छ ।श्रमिक संगठनहरूले अझै पनि श्रमिक अधिकार पूर्ण रूपमा कार्यान्वयन हुन नसकेको, न्यून ज्याला, असुरक्षित श्रम वातावरण तथा बेरोजगारीजस्ता समस्या कायमै रहेको उल्लेख गर्दै श्रमिकमैत्री नीति लागू गर्न सरकारसँग माग गरेका छन् ।

## पेस्तोल र लागुऔषधसहित काठमाडौंबाट ४ जना पक्राउ

दैनिक समाचारदाता

काठमाडौं, १८ वैशाख । पेस्तोल र लागुऔषधसहित चार जना पक्राउ परेका छन् ।

काठमाडौंको विभिन्न स्थानबाट पेस्तोल १ थान, सोही पेस्तोलको म्यागिजन ३ थान, सोही पेस्तोलको गोली ४ राउन्ड, एसएलआर हतियारको गोली २ राउन्ड र नियन्त्रित लागुऔषध ट्रामाडोल १६ हजार ७ सय ५० ट्याब्लेट सहित ४ जनालाई प्रहरीले पक्राउ गरेको छ ।

पक्राउ पर्नेहरूमा बूढानीलकण्ठ नगरपालिका-५ बस्ने २३ वर्षीय कबिर देउला, ४२ वर्षीया सबिना पोडे, २६ वर्षीय सन्सार सिटौला र ललितपुर गोदावरी नगरपालिका-११ बस्ने २६ वर्षीय सुवास शाही रहेका छन् ।

लागुऔषध नियन्त्रण ब्युरो कोटेश्वरबाट खटिएको प्रहरीले उनीहरूलाई उक्त हातहतियार र लागुऔषध सहित पक्राउ गरेको हो । यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ ।

## मधेशमा लागुऔषधविरुद्ध महाअभियान

दैनिक समाचारदाता

जनकपुरधाम, १८ वैशाख । मधेश प्रदेश प्रहरी कार्यालयले लागुऔषध नियन्त्रणका लागि ‘लागुऔषध सेवनकर्ता खोजी एवं सुधार महाअभियान’ सञ्चालनमा ल्याएको छ।

महाअभियानअन्तर्गत शुक्रबार प्रदेशका आठवटै जिल्लाका प्रहरी प्रमुख तथा मातहतका प्रहरी चौकीलाई ब्रिफिङ गर्दै प्रहरी नायब महानिरीक्षक गोविन्द थपलियाले अभियानको औपचारिक शुभारम्भ भएको जानकारी दिनुभयो।

अभियानअन्तर्गत सीमावर्ती नाकामा लागुऔषध परीक्षण केन्द्र स्थापना गरिनेछ। ‘ड्रग टेस्ट किट’ प्रयोगमार्फत व्यक्तिले लागुऔषध सेवन गरेको छ वा छैन भन्ने पहिचान गरिने प्रहरीले जनाएको छ।

सीमाक्षेत्रमा नियमित आवतजावत गर्ने युवायुवतीको तथ्याङ्क सङ्कलन गरी निगरानीसमेत गरिने योजना रहेको छ।त्यस्तै, लागुऔषध सेवनकर्तालाई सीमा नाकामै एक घण्टे सचेतनामूलक प्रशिक्षण दिइनेछ। उनीहरूको अभिलेख तयार गरी नियमित ट्र्याकिङको व्यवस्था समेत मिलाइने प्रदेश प्रहरी कार्यालयले जनाएको छ।

प्रदेश प्रहरीका अनुसार अभियानलाई प्रभावकारी बनाउन प्रदेश सरकार, स्थानीय तह, सुरक्षा निकाय तथा सरकारी एवं गैरसरकारी सङ्घसंस्थासँग सहकार्य गरिनेछ।

लागुऔषध सेवनकर्ताको उपचार, सुधार तथा सामाजिक पुन:स्थापनाका लागि खेलकुद, मनोरञ्जन, सीपमूलक तालिम र रोजगारीमूलक कार्यक्रम सञ्चालन गरिने जनाइएको छ। यसैबीच, लागुऔषध ओसारपसार तथा कारोबारमा संलग्न औषधि पसल, अन्य स्थान र मुख्य कारोबारीलाई निगरानीमा राखी कडा कानुनी कारबाही गरिने चेतावनी समेत प्रहरीले दिएको छ।

प्रदेश प्रहरी कार्यालयले प्रदेश सरकार, स्थानीय तह र सरोकारवाला निकायको समन्वयमा महाअभियान अघि बढाइएको जनाएको छ।

## राष्ट्रपति कार्यालय पुग्यो अर्को अध्यादेश


काठमाडौं १८ वैशाख । सरकारले सम्पत्ति शुद्धीकरणसम्बन्धी ऐन संशोधन गर्नका लागि अध्यादेश जारी गर्न राष्ट्रपति कार्यालय पठाएको छ । राष्ट्रपति कार्यालयका प्रवक्ता रितेशकुमार शाक्यले सम्पत्ति शुद्धीकरणसम्बन्धी अध्यादेश राष्ट्रपति कार्यालयमा दर्ता भएको अनलाइनखबरलाई जानकारी दिए । ‘सम्पत्ति शुद्धीकरणसम्बन्धी अध्यादेश पनि यसअघि नै आइसकेको हो, अध्ययनको क्रममै छ,’ उनले भने । सरकारले विभिन्न ८ वटा अध्यादेश राष्ट्रपति कार्यालय पठाएको हो । जसमध्ये सहकारी र सार्वजनिक खरिदसम्बन्धी अध्यादेश जारी भइसकेका छन् ।

## राजनीतिक भेटघाटमा व्यस्त अमेरिकी विशेष दूत

दैनिक समाचारदाता

काठमाडौं १८ वैशाख । अमेरिकी दक्षिण तथा मध्य एसियाका लागि विशेष दूत सर्जियो गोरले परराष्ट्रमन्त्री शिशिर खनालसँग शिष्टाचार भेटवार्ता गरेका छन् ।

परराष्ट्र मन्त्रालयमा भएको भेटको क्रममा नेपाल-अमेरिका सम्बन्धलाई थप सुदृढ बनाउने विषयमा छलफल भएको परराष्ट्र मन्त्रालयले जनाएको छ । छलफलमा लगानी र व्यापार प्रवर्द्धनमा विशेष जोड दिँदै द्विपक्षीय सहकार्य विस्तार गर्नेबारे पनि कुरा भएको जनाएको छ ।



गोरले आजै अर्थमन्त्री डा.स्वर्णिम वाग्लेसँग भेटवार्ता गरेका छन् । भेटमा नेपाल र अमेरिका बिचको आर्थिक साझेदारी र विकास सहायताका विविध विषयमा छलफल भएको थियो।

गोरले प्रधान सेनापति र राष्ट्रिय स्वतन्त्र पार्टीका सभापति रवि लामिछानेसँग पनि भेट्ने कार्यतालिका रहेको छ । भारतका लागि अमेरिकी राजदूत समेत रहेका गोर तीन दिने नेपाल भ्रमणमा आएका हुन् ।

सामाजिक सञ्जालको प्रयोगमा सतर्कता अपनाऔं ।

*सामाजिक सञ्जालमा:*

- जातीय, धार्मिक, सामाजिक तथा साम्प्रदायिक सद्भावमा खलल पुर्‍याउने,
- राष्ट्रिय सुरक्षा र राष्ट्रिय एकतामा आँच पुर्‍याउने,
- कुनै व्यक्ति वा संस्थाको प्रतिष्ठा, मर्यादा तथा आत्मसम्मानमा ठेस पुर्‍याउने,
- जातीय भेदभाव, छुवाछुत, श्रम र आत्मसम्मानप्रति अवहेलना हुने,
- शान्ति सुरक्षामा खलल पुर्‍याउने,
- प्रचलित कानुनले रोक लगाएका सामग्रीहरूको प्रकाशन, प्रसारण तथा प्रदर्शन गर्ने,
- जनमानसमा भ्रम सिर्जना गर्ने,

*जस्ता विषयवस्तु पोस्ट, सेयर, ट्याग, ह्यासट्याग गर्नु हुँदैन ।*

नेपाल सरकार
**विज्ञापन बोर्ड**



- विभिन्न प्रकारको कोटेन रोल
- विभिन्न प्रकारका जिङ्जैङ् कोटन
- डिलेभरी पैड सहितका लागि सम्पर्क स्थान

रामेश्वरम सर्जिकल उद्योग
जनकपुरधाम, १४, मधेश प्रदेश
मो.नं.: ९८१९८३५३१४

GRAND COMPUTER & LANGUAGE CENTER
100% To Make Perfect, Punctuality & Quality Education
के तपाई कम्प्युटर कक्षाको खोजीमा हुनुहुन्छ ?
हामी कहाँ सम्पूर्ण कम्प्युटर कक्षाहरू भईरहेको छ।



- Basic Course
- Office Pacakage
- Accounting Package
- Graphic Design
- Nepali & English Typing
- Auto CAD 2D

नोट: लोक सेवा कम्प्युटर अपरेटरको विशेष तयारी कक्षा
+977-9816886972, 9812082858 | Infont of Triuhitya Gachi, Janakpur-4

विहानको सुरुवात ताजा समाचारसँगै। विहान-विहानै देश-दुनियाँका ताजा, विश्वसनीय र विश्लेषणात्मक समाचार पढ्नुस् –तपाईंको आफ्नै पत्रिका। साथै जहाँ पत्रिका उपलब्ध छैन त्यहाँका लागि-
Website www.esamachardainik.com

राष्ट्रिय दैनिक समाचार दैनिक जनकपुर

‘समाचार दैनिक जनकपुर’का लागि प्रकाशक ललिता दास, सल्लाहकार : हेमन्त साह, कार्यकारी सम्पादक प्रमोद पण्डित,सम्पादक : कैलास दास, मुद्रक: न्यू मोडेल अफसेट प्रेस.,जनकपुरधाम, सम्पादित कार्यालय: विद्यापति चौक, जनकपुरधाम, मो.नं.: ९८५४०२५१६४